'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ८० शनिवार ०१ मंसिर, २०८१ 16 (Saturday) November 2024 पृष्ठ ४, मूल्य रु : १०/-

## स्थानीय सरकारका बेथिति
# आफन्तले खोलेका संस्थालाई लाखौँ अनुदान

नमस्ते समचारदाता
दैलेख, कार्तिक/३०



स्थानीय तहले नाफामूलक संस्थालाई सरकारी अनुदान दिँदा सार्वजनिक रूपमा निःशुल्क वा शून्य शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित गरेर मात्र अनुदान दिन पाउने व्यवस्था छ। तर दैलेख जिल्लाका स्थानीय तहले कानुन विपरीत नाफामूलक संस्थालाई अनुदान वितरण गरेका पाइएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा स्थानीय सरकारले वितरणमुखी खर्च नियन्त्रण गर्दै सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने भए पनि यहाँका स्थानीय तहले अनुदान नीति निर्माण नगरी जनप्रतिनिधिका आफन्त र पार्टीका कार्यकर्ताले खोलेका नाफामूलक संस्थालाई रकम वितरण गर्ने गरेको पाइएको छ। चामुण्डाबिन्द्रासैनी नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा १८ वटा नाफामूलक संस्थालाई नियम मिचेर ४४ लाख ८७ हजार ४ सय ४० रुपियाँ अनुदान दिएको छ। नगरपालिकाले राजनीतिक पार्टीका केन्द्रदेखि विभिन्न सहकारी र कृषि फार्मलाई उक्त रकम अनुदान र व्यवस्थापनका नाममा दिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। महालेखाको प्रतिवेदनमा उल्लेख गरिए अनुसार सिद्धार्थ कृषि तथा पशुपालन सहकारीलाई अनुदानबापत तीन लाख ८८ हजार, श्रमजीवी बचत तथा ऋण सहकारीलाई अनुदानबापत पाँच लाख ९२ हजार, राधाकृष्ण गौशाला तथा अर्गानिक कृषि फार्मलाई अदुवा खेती गर्न ९९ हजार ५सय ४० रुपियाँ, पौरखी कृषि तथा पशुपन्छी फार्मलाई कुखुरा खोर निर्माण गर्न ७५ हजार, निर्देशिका कृषि तथा पशुपन्छी फार्मलाई व्यवस्थापन बापत ७० हजार, श्रमजीवी बचत तथा ऋण सहकारी संस्थाको व्यवस्थापनका लागि ५० हजार, आदर्श सामुदायिक संस्थाको व्यवस्थापन बापत एक लाख रुपियाँ वितरण गरिएको छ। त्यसै गरी देउती कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थालाई व्यवस्थापनका लागि ९८ हजार ५ सय, मार्क्सवाद अध्ययन केन्द्र चामुण्डाबिन्द्रासैनी नगरपालिका-३ को व्यवस्थापन खर्च एक लाख ५० हजार, बिपी कोइराला लोकतान्त्रिक समाजवाद केन्द्रलाई ९० हजार, पौरखी कृषि तथा पुशपन्छी फार्मलाई बाख्रा खरिद गर्न ९७ हजार, बालकृष्ण कृषि तथा पशुपन्छी फार्मलाई बाख्रा खरिदतर्फ ४० हजार रुपियाँ वितरण गरेको पाइएको छ। त्यसै गरी थर्पुहाले बाख्रापालन कृषक समूहलाई ५ लाख, भगवान् कृषि पशुपन्छी तथा नर्सरी फर्मलाई आलु पकेटमा अनुदानबापत ५ लाख, खापर कृषि तथा पशुपालन सहकारी संस्था व्यवस्थापनतर्फ ९ लाख, सुदर्शन सुन्तला जात पकेट क्षेत्र समितिलाई आलु पकेटमा अनुदान ५ लाख ५७ हजार ९ सय, श्री बिन्द्रासैनी महिला विकास सहकारीलाई बाख्रा खरिदबापत अनुदान ६ लाख २५ हजार रुपियाँ अनुदान उपलब्ध गराइएको छ। *बाँकी ३ पेजमा...*

# जिप दुर्घटनामा ८ जनाको मृत्यु, ५ घाइते

नमस्ते समचारदाता
दार्चुला, कार्तिक/३०




शुक्रबार दार्चुलामा जिप दुर्घटना हुँदा ८ जनाको मृत्यु भएको छ भने अन्य पाँच जना घाइते भएका छन्। दार्चुलाका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालका अनुसार दार्चुलाको शैल्यशिखर नगरपालिका-५ लेकगाउँका ३० वर्षीय वीरेन्द्र रावल, सोही ठाउँका २८ वर्षीय शान्ति रावल, शैल्यशिखर-९ नकतडका ४५ वर्षीय दिलीप विष्ट, बैतडीको डिलाशैनी-५ का १५ वर्षीय सञ्जीव बोहरा र भारतको उत्तर प्रदेश बिजनौर जिल्लाका ४५ वर्षीय मोहमद सफिर र सोही जिल्लाका १८ वर्षीय मोहमद बसिम, शैल्यशिखर-९ गोकुलेका ३५ वर्षीया मीना लेखक र डिलासैनी गाउँपालिका-५ का वीरेन्द्रसिंह बोहराको मृत्यु भएको हो। दुर्घटनामा भारतको उत्तर प्रदेश विजनौरका सुहिल साह, बैतडी डिलासैनी-५ का उत्तम रोकाया, शैल्यशिखर-५ का सन्दीप रावल सोही स्थानका प्रकाश रावल र मालिकार्जुन गाउँपालिका-८ निवासी जिप चालक सुनिल जोशी घाइते भएका छन्। दुर्घटनामा गम्भीर घाइते भएकाहरुलाई थप उपचारका लागि नेपाली सेनाको हेलिकोप्टर मार्फत धनगढी लगिएको छ। दुर्घटनामा परी गम्भीर घाइते जिप चालक सुनिल जोशी, जिपमा सवार उत्तम रोकाया र सन्दीप रावललाई थप उपचारका लागि सेनाको हेलिकोप्टर मार्फत धनगढी पठाइएको शैल्यशिखर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रबहादुर बिष्टले जानकारी गराएका छन्। यसैगरी, घाइते दुई जनाको अवस्था भने सामान्य रहेको र उनिहरुको गोकुलेश्वर अस्पतालमै उपचार भइरहेको दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी हेमन्ती साउँदले बताए। दार्चूलाका मालिकार्जुन गाउँपालिका-३ मडमा लागेको मालिकार्जुन मन्दिरको जात्राबाट फर्किने दर्शनार्थी बोकेको म १ ज ३३८ नम्बरको जिप शुक्रबार बिहान ४ बजे शैल्यशिखर नगरपालिका -६ ग्वानीमा दुर्घटना भएको हो। उक्त दुर्घटनामा परी आठ जनाको मृत्यु भएको छ। मालिकार्जुन मन्दिरको जात्रा हेरेर फर्किदै गर्दा घर नपुग्दै आठ जना जिप दुर्घटनामा परी मृत्यु भएपछि दार्चुलावासी स्तब्ध भएका छन्। जात्रामा २५० भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको भए पनि ट्राफिक नियमको पालना नभएको भन्दै आलोचना भइरहेको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# कानूनमन्त्रीद्वारा कारागार र बाल सुधार गृहको अनुगमन

नमस्ते समचारदाता
बाँके, कार्तिक/३०



लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री आदेश कुमार अग्रवालले बाँकेको नेपालगञ्जमा रहेको कारागार र नौवस्तामा रहेको बाल सुधार गृहको निरीक्षण गरेका छन्। मन्त्री अग्रवालले त्यहाँ रहेका कैदी बन्दीहरूको जीवनस्तर, भौतिक सुविधा, र उनीहरूले भोगिरहेका समस्याहरूको प्रत्यक्ष जानकारी लिएका छन्। कारागार र सुधार गृहको अनुगमनमा पुगेका मन्त्री अग्रवालले कैदीहरूसँग संवाद गर्दै, उनीहरूले सामना गरिरहेका समस्याहरुको बारेमा कैदीबन्दीहरुको गुनारो सुन्नुका साथै सुधारका लागि पहल गर्ने वाचा गरेका छन्। कैदीहरूले कारागारमा शौचालयको अभाव, विद्युत् आपूर्तिमा असुविधा, खानेपानीको कमी, र महिला कैदीहरूको लागि जीर्ण भवनको अवस्था जस्ता समस्या रहेको गुनासो गरेका थिए। महिला कैदीहरूले आफ्नो बसोबास स्थान असुरक्षित रहेको गुनासो गर्दै स्वास्थ्य तथा सरसफाइका आधारभूत सुविधाहरू सुधार गरिदिन आग्रह गरेका छन्। मन्त्री अग्रवालले कैदीहरूको गुनासोलाई आफूले गम्भीरतापूर्वक लिएको बताउँदै कारागारमा रहेका प्रत्येक व्यक्तिले आधारभूत सुविधाहरु शौचालय, बसोबास, र खानेपानीको उचित व्यवस्थापन प्राथमिकताका साथ व्यवस्थापन गरिनु पर्नै र त्यसको लागि आफूले पहल गर्ने बताए। बाल सुधार गृह र महिला कैदीहरूको सुविधामा विशेष ध्यान दिँदै कारागारको पूर्वाधार र व्यवस्थापन सुधार गर्न उनले सम्बन्धित प्रशासनलाई निर्देशन पनि दिएका थिए। मन्त्री अग्रवालले भने, 'बन्दी र कैदीका रूपमा कारागारमा रहेकाहरूको मानव अधिकारको पूर्ण रूपमा संरक्षण गरिनेछ', उनले भने, 'त्यहाँको स्थिति सुधार गर्न प्रदेश सरकारले पहल गर्ने छ।' बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले कैदीहरूको अवस्थाबारे चिन्ता व्यक्त गर्दै भन "गृह प्रशासनको जिम्मेवारी केवल सुरक्षा सुनिश्चित गर्नु मात्र होइन, मानव अधिकारको प्रत्याभूति गराउँदै कैदीहरूको जीवनमा सकारात्मक प्रभाव पार्नु पनि हो।"

*बाँकी ३ पेजमा...*


नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# एक दूरदर्शी, एक पूर्वविद्रोही



गंगा बीसी

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईको पहिलो सार्वजनिक परिचय हो- गोरखाबाट एसएलसी बोर्ड फस्ट, २०२७ । उनको दोस्रो राजनीतिक परिचय हो, तत्कालीन संयुक्त जनमोर्चा नेपालको अध्यक्ष । तेस्रो, २०६५ मा माओवादी नेतृत्व सरकारको अर्थमन्त्री । चौथो, मुलुकको ३५ औं प्रधानमन्त्री । पछिल्लो समय उनी वैकल्पिक राजनीतिक शक्ति निर्माणमा लागेका छन्, तर बिस्तारै ओझेल पर्दै छन् । माओवादीबाट बाहिरिएपछि उनको राजनीतिक परिचय पहिलेभन्दा धूमिल हुँदै गएको छ । यद्यपि बौद्धिक राजनीतिक नेताका रूपमा उनलाई सम्झने वर्ग छँदै छ । तत्कालीन नेकपा एकता केन्द्रको चुनावी मोर्चा जनमोर्चाको अध्यक्ष भइसकेपछि उनलाई कम्युनिस्ट विचार राख्ने युवाहरूले पछ्याए । २०५२ मा नेकपा एकता केन्द्र नेकपा माओवादीमा रूपान्तरण भइसकेपछि बाबुराम स्वतः माओवादी नेता भए । उनलाई राजनीतिक रूपमा पछ्याउनेहरू पनि स्वाभाविक रूपले माओवादी भए । अब्बल प्राज्ञिक पृष्ठभूमिका कारण उनी माओवादीभित्र 'आइडल' नेताका रूपमा चिनिन थाले । 'एसएलसीमा बोर्ड फस्ट, त्यसपछि इन्जिनियरिङ, पीएचडी पढेको व्यक्ति माओवादी नेता भएपछि अरू किन नहुने ?' भन्ने बुझाइ पश्चिम नेपालका कम्युनिस्ट प्रभावित जिल्ला रुकुम, रोल्पा, सल्यान, जाजरकोटतिर आगोको झिल्कासरी फैलिएको थियो । माओवादीले सशस्त्र युद्ध सुरु गरेपछि तिनै बाबुराम भूमिगत हुँदै युद्धको नेतृत्वमा पुगे । पार्टीभित्र पुष्पकमल दाहाल 'प्रचण्ड' शक्तिशाली भए पनि सार्वजनिक पोस्टरमा बाबुरामकै नाम चर्चामा थियो । उनकै कारण माओवादी युद्धमा 'क्रान्तिकारी ग्ल्यामर' आएको थियो । त्यसो त माओवादीमा प्रचण्ड, मोहन वैद्य, सीपी गजुरेल, हिसिला यमी, पम्फा भुसाललगायत केही नेताले उच्च शिक्षा अध्ययन गरेको भए पनि युद्धमा बोर्ड फस्टको ब्रान्ड अर्थात् बाबुराम निकै चल्यो । पार्टीभित्र भने त्यो ब्रान्डप्रति आफूलाई खाँटी क्रान्तिकारी भन्नेहरूको शंका थियो । त्यसको कारण थियो, उनले भारतमा उच्च शिक्षा अध्ययन गरेका थिए । माओवादी युद्ध चलिरहेकै बेला




– किताबले बाबुरामलाई 'समकालीन नेतामध्ये दूरदृष्टि राख्ने नेता' भनेको छ ।

शक्तिशाली पार्टी महासचिव प्रचण्डको अलोकतान्त्रिक कार्यशैलीविरुद्ध कहिले सुसुप्त र कहिले बलियो गरी आवाज उठाएबापत कारबाही पनि भोगे । तर, उनले आफ्नो दृष्टिकोण जीवित राखे, जसकारण उनी एक दूरदर्शी विद्रोहीका रूपमा चिनिन्छिन् । २०७२ मा माओवादी छाडेपछि उनी एक्लिँदै गएका छन् । उनी हिँडेको माओवादी धरातल आफैँमा कमजोर हुँदै गएको अवस्थामा उनी झन् परपर भागिरहेका छन् । मुलुकमा नयाँ राजनीतिक शक्ति निर्माण गर्न माओवादीबाट बाहिरिएका उनले मधेशकेन्द्रित दलसँग गरेको एकता, त्यसपछि नेपाल समाजवादी पार्टीको निर्माण जस्ता प्रयोग सफल भएको छैन । यद्यपि उनी दूरदृष्टि राखेर कार्यकारी राष्ट्रपतिसहित समृद्ध नेपाल निर्माण गर्ने अभियानमै छन् । हालै मुक्ति रिजालले 'बाबुराम अ भिजनरी रेबेल' नामक किताबमा यस्तै विषय लेखेका छन् । विभिन्न १७ शीर्षकमा व्यक्तिगत प्रभाव र सरकार वा पार्टीमा हुँदा गरेका कामको आधारमा यो किताब तयार भएको छ । यसमा लेखकले बाबुरामले सशस्त्र संघर्षदेखि नयाँ शक्ति निर्माणसम्म भएका राजनीतिक पहलकदमीलाई विश्लेषण गर्ने कोसिस गरेका छन् ।

कतिपय लेखमा उनको विद्रोह र त्यसले ल्याएको परिणामलाई समेत केलाएका छन् । यो किताब पढिसक्दा बाबुरामको विद्रोह गणतन्त्र र संघीयतासहितको संविधान जारी हुँदासम्म सफल देखिन्छ भने त्यसपछि नयाँ शक्ति पार्टी निर्माण सुरु गरेपछि अलमलिएको देखिन्छ । पुराना दल कांग्रेस, एमाले र माओवादी चेपुवामा परेका भट्टराई पछिल्लो समय नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत दलको पेलाइमा परेका देखिन्छन् । राजनीतिक रोडम्यापलाई दूरदृष्टि दिँदै आएका भट्टराई पछिल्लो समय अर्धभूमिगत अवस्थामा छन् । उनका विश्वासिला नेताहरूले क्रमशः छाड्दै जानु, आर्थिक समृद्धिसहित सम्मुन्नत नेपालको सपना बोकेको कार्यपत्र अभिव्यक्तिलाई आम मानिसमा पुर्‍याउन नसकेका कारण उनी पछिल्लो समय कम राजनीतिज्ञ र बढी आर्थिक, सामाजिक रूपान्तरण सहितको खाका प्रस्तुत गर्ने विज्ञका रूपमा देखापरेका छन् । 'भट्टराईले नेपालको विकासको आफ्नो दृष्टिकोण साझा गरेर युवा विद्वानहरूसँग अन्तर्क्रिया र संवादको राम्रो सुरुवात गरेका छन् । त्यस्ता प्रवचनमा राजनीति र प्राज्ञिक जगतका धेरै व्यक्तिको सहभागिता हुन्छ,' रिजालले लेखेका छन्, 'केहीले बाबुरामलाई अस्वस्थ र चलाखीपूर्ण राजनीतिक चालहरूले उत्पन्न घृणाको राजनीतिलाई सफा गर्ने उनको समर्पणका लागि प्रशंसा गरेका छन् । कतिपयले उनलाई विश्वविद्यालयमा अध्यापन गर्न सल्लाह दिएका छन् । पार्टी र संसद् दुवै छाड्दा उनले आम जनताको हैसियतमा आत्मनिर्भर रहने, बृहत्तर छलफल गरेर आगामी कदमबारे निर्णय लिने बताए । राजनीति धमिलो बन्दै गएको र राजनीतिज्ञहरू निकै स्वार्थी र लोभी भएको अवस्थामा उनले नयाँ विचार अघि सारेका छन् ।' किताबमा लेखकले नयाँ विचारसहित भट्टराईले अन्य पार्टीहरूको प्रतिबद्धता र वाचाबाट सधैं ठगिएका र धोकामा परेका निराश र निराश जनसमुदायलाई सञ्चार गर्न केही आधार दिएका छन् । किताबमा भट्टराई आफैंले लामो भूमिका लेख्दै 'आर्थिक मोर्चामा नयाँ समाजवादी विकल्पले विभिन्न विषयका विगतका प्रयोगहरूभन्दा बाहिर जानुपर्ने' बताएका छन् । यो पुस्तक बाबुराममाथि गरिएको एउटा सामान्य अवलोकन (अब्जर्भेसन) हो । उनीमाथि कुनै गहिरो अनुसन्धानबिना उनले लिएको राजनीतिक विचार, योजना र कार्यदिशामा आधारित भएर यो तयार भएको छ । समकालीन नेताहरूमा दूरदृष्टि राख्ने नेताका रूपमा उनलाई लेखकले चित्रण गरेका छन् ।

# किन बेचे पूर्णबहादुरले सारङ्गी ?



रीमा केसी

गाउँ-सहर तिहारको झिलिमिलीमा रमाइहँदा, घर-घरमा लक्ष्मीपूजा चलिरहँदा म चलचित्र घर पुगेकी थिएँ, 'पूर्णबहादुरको सारङ्गी' हेर्न । फिल्म हलमा तिहारको असर राम्रै देखिन्थ्यो । हलका खाली सिटहरू बीच १५/२० जना मानिस फिल्मको दुनियाँमा प्रवेश गरिरहेका थिए । 'पूर्णबहादुरको सारङ्गी' सारङ्गीको कथाबाट सुरु हुन्छ । जब एक गाइने अर्थात् गन्धर्वको संघर्ष-कथा सुरु हुन्छ, पर्दामा तैरिरहन्छ-समाजको यथार्थ वास्तविकता । अति निम्नवर्गीय जीवन निर्वाह गर्न कति कठिन छ ? त्यो कथा फिल्मले भन्छ । तीतो दलन, दलितले भोगेका पीडा, भोक, अभाव, गरिबी, छुवाछूतजस्ता विषय तिनलाई सामान्य लाग्लान्, जसले त्यो भोगेकै हुँदैनन् । तर, सूक्ष्म आँखाले यी घटनालाई हेर्ने हो र त्यो दलन-कथा एकदमै नजिकबाट नियाल्ने हो भने त्यहाँ देखिन्छ, नेपाली समाजले शदीऔंदेखि हुर्काएको एक फरक चित्र अनि हाम्रो समाजका भुइँमान्छेका वास्तविक जीवन परिवेश । यो फिल्म तिनको कथा हो, जसलाई समाज, राज्यले कहिले जातका नाममा, कहिले वर्गीय हिसाबमा, कहिले धर्मका नाममा र कहिले कर्मका नाममा सदैव छुट्याउँदै आयो- इतिहासदेखि आजसम्मै । पूर्णबहादुरको भूमिकामा छन्-नायक विजय बराल, जसले आफ्नो भूमिकालाई असाध्यै न्याय गरेका छन् । खासमा उनैको काँधले यो फिल्मको भार उचालेको छ । उनको अभिनयले दर्शक अवाक् बन्छन् । छोरादेखि बाबुको भूमिकासम्मै उनी सशक्त देखिन्छन् । जीवनैभरि कसरी एक गाइने (गन्धर्व) सारङ्गी रेट्दै-गाउँदै निरन्तर हिँडिरहन्छ र प्रिय सन्तानका लागि ज्यान अर्पण गर्छ ? समाज व्यवस्था, उत्पीडन, दमनविरुद्ध कसरी एक अशिक्षित बाबु सधैं लड्न तयार हुन्छ ? सारङ्गीसँगै भोको पेट र अभावमा ऊ आफैं पलपल रेटिएर सन्तानको भविष्य निर्माणमा तल्लीन हुन्छ ? गाइनेको जीवन धान्ने मुख्य कर्म आफ्नै आवाज नै गुमाउँदा पनि सन्तानको उन्नतिका लागि संवेदना, भावनालाई मनभित्रै दबाएर कसरी संघर्ष-पथमा यात्रा गरिरहन्छ ? र, सन्तानकै भविष्यका लागि आफ्नो बाबुले दिएको चिनो, जीवनभर रेटेको त्यो प्रिय सारङ्गी बेच्न बाध्य हुन्छ ? त्यो लामो कथा कहन्छ-'पूर्णबहादुरको सारङ्गी' ले । विजय बरालको संवादहीन, आवाजविहीन भव्य र सशक्त अभिनयले दर्शकलाई रुवाइरहन्छ । विशेषतः बुढेसकालको चरित्रमा उनी झन् अब्बल लाग्छन् । पूर्णबहादुर (विजय बराल), बाटुली (अन्जना बराइली), विजयका प्रिय साथीहरू बिरे (मुकुन भुसाल) र माइला (बुद्धि तामाङ), मास्टर (भोलाराज सापकोटा), कमल



– जीवनभर एक गन्धव-पिता कसरी सारङ्गीसँगै पलपल रेटिएर सन्तानको भविष्य निर्माणमा तल्लीन हुन्छ ? 'पूर्णबहादुरको सारङ्गी' ले यसैको कथा भन्छ ।

(प्रकाश सपुत), स्वयम् केसी (बाल कलाकार), देशभक्त खनाल, शंकर आचार्य, सुभास गजुरेल, माओत्से गुरुङ, सरिता साहहरूको अब्बल अभिनयले फिल्म तारिफयोग्य बनेको छ । पूर्णबहादुरको छोराको भूमिकामा बाल कलाकार स्वयम् केसी अन्य ग्रामीण बालकहरू झैं निर्दोष देखिएका छन् । उनले बोल्ने संवादले दर्शकलाई भित्रैसम्म छुन्छ । जस्तो उनी बुबा पूर्णबहादुरलाई सोध्छन् - 'बा, तिम्लाई किन सबले हेप्छन् ?' छोरालाई उत्तर दिन नसकेका पूर्णबहादुरको भक्कानो फुट्छ रुखको छहारीमुनि, छोराबाट लुकेर । उनका यस्ता अन्य संवाद पनि छन्, जसले दर्शकलाई हुरुक्कै



बनाउँछन् । छोरालाई सानोमै छाडेर गएकी आमाको प्रसंग निकाल्दा होस् वा स्कुल जाने विषयमा वा उसले नयाँ ड्रेस लगाउने रहर गर्दा होस् स्वयम्को भूमिकाले दर्शकका आँखा बेलाबेला भिज्छन् । बागलुङको गाउँको परिवेश, त्यहाँको समाज व्यवस्था, रहनसहन, अझ गहिरो गरी दलितहरूको जीवनस्तर तथा विभेदको कथा प्रस्ट रूपमा बोल्न सफल भएको छ फिल्म । जुहारी गाउने प्रचलन, केटी भगाउने चलन, रुढिबादी परम्परा, अशिक्षा, गरिबी, अज्ञानता, सोझोपनमा रुमल्लिएर बाँचेका दलितहरू लगायतका अति यथार्थ र संवेदनशील मुद्दाहरू फिल्मले उठान गरेको छ । फिल्ममा प्रयोग भएका गीतका शब्दहरू समयानुकूल र वेदनाका कथा अर्थात् गन्धर्वहरूले गाउँदै आइरहेका मर्मस्पर्शी गाथाहरूको शैलीमै प्रयोग भएको छ । तर, सारङ्गीको कथामा आधारित फिल्ममा सारङ्गीको मात्रै धुन बजाइएको र तिनकै शैलीको गीत गाइएको भए अझै फिल्मको शीर्षक सार्थक हुन सक्थ्यो । फिल्म हेरिरहँदा केही दृश्यहरूले मलाई सानो छँदाका मेरा यादहरूलाई ताजा बनाइदिए, जुन मैले लगभग बिर्सिसकेकी थिएँ । जस्तै गाउँघरमा बिजुली नपुगेको त्यो एक समय थियो, जतिबेला हामी टुकी बत्तीमा पढ्थ्यौं । मट्टीतेल सकिएर पढ्न नपाएका ती रातहरूको याद ताजा भएर आए । स्कुल ड्रेस एकपटक सिलाएर धेरै वर्षसम्म त्यसैले काम चलाउनुपर्थ्यो र एसएलसी पास गरेपछि त्यही ड्रेस बहिनीले लगाउँथी । ती घटना झलझली याद आए । गाउँका विभेदका घटना आफ्नै आँखाले देख्दा नमिठो लाग्थ्यो । जे होस्, फिल्मले मलाई मेरो समयतिर फर्कायो । फिल्मका धेरै दृश्यले धेरैचोटि भावुक बनाए, धेरै पटक आँखा भरिए । तर, जब अन्तिममा छोरोले बाबुलाई खोज्न आयो र आजीवन छोराका लागि मरिमेटेर, सारङ्गी रेटिहिँडेको बाबुले छोरा डाक्टर भएको खबरसम्म सुन्न पाएन, त्यो पल मेरो पनि भक्कानो छुट्यो । आँखाको बाँध भत्किएर आँसुको मूल फुट्यो । नेपाली फिल्म हेर्दा हलमा पहिलो पटक यसरी रोएँ म । पूर्णबहादुरकी श्रीमतीको भूमिका किन यसरी खुम्चियो ? त्यो चित्त नबुझेको पाटो होरु। उनको भूमिकालाई किन बीचमै गायब बनाइयो ? महिला लेखक वा महिला निर्देशकले निर्देशन गर्थे भने त्यो भूमिकालाई कसरी प्रस्तुत गर्थे ? यी प्रश्न पनि आइरहे मस्तिष्कमा । लाग्यो, सारङ्गीको कथा अर्थात् गन्धर्वको कथामा सारङ्गीको धुन नै छायामा पर्‍यो । सारङ्गी नेपाली संस्कृति हो, जसलाई जोगाउनुपर्छ भन्छ फिल्म । फिल्मले सारङ्गी रेटेर हिँड्ने ती हेपिएका गन्धर्वहरूको पक्षमा वकालत गरेको छ, गन्धर्व जातिको पहिचान सारङ्गीलाई नै मानेको छ । समग्रमा फिल्मले हरेक जातिले आ-आफ्नो पहिचान, संस्कृतिको संरक्षण गर्नुपर्ने विषय उठान गरेको छ । गन्धर्व दाजुभाइ बीचको ईर्ष्याभावले कसरी द्वन्द्व पनि सिर्जना गरिरहेको छ ? फिल्मले त्यो कथा भन्छरु। असलमा 'पूर्णबहादुरको सारङ्गी' एक फरक, मौलिक र यथार्थ जीवन प्रस्तुत गर्न सफल एक अब्बल फिल्म हो ।

# स्वामीकात्तिक गाउँपालिकामा पाँच दलले टुङ्ग्याए उम्मेद्वार

नमस्ते समचारदाता
कालीकोट, कार्तिक/३०




आगामी मङ्सिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनका लागि यहाँका राजनीतिक दलहरुले उम्मेद्वारको टुङ्गो लगाएका छन् । स्वामीकात्तिक खापर गाउँपालिकामा हुने उपाध्यक्ष पदको निर्वाचनका लागि पाँच दलले उम्मेद्वारको टुङ्गो लगाएका हुन् । विसं २०७९ को स्थानीय तहको निर्वाचनबाट निर्वाचित गाउँपालिकाकी उपाध्यक्ष मैनादेवी जोशीको विसं २०८० माघ ४ गते निधन भएको थियो । उक्त पदका लागि हुन लागेको उप निर्वाचनका लागि नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेकपा समाजवादी पार्टीले उम्मेदवार टुङ्गो लगाएका हुन् । नेपाली कांग्रेसले पुल्तीसरा शाही, नेकपा (एमाले)ले सुलोचना भण्डारी (बुढा), नेकपा (माओवादी केन्द्र)ले राजु विक, राप्रपाले सुनादेवी थापा (भोटे) र नेकपा समाजवादी पार्टीले जवा शाहीलाई उम्मेद्वार बनाएका हुन् । अघिल्लो निर्वाचनका बेला नेकपा समाजवादी र नेकपा माओवादी केन्द्रबिच गठबन्धन बनेको थियो ।

**उम्मेदवार घरदैलो अभियानमा**

राजनीतिक दलले टुङ्गो लगाएका उम्मेदवारहरू जनतासँग भेटघाट तथा चुनावी अभियान लिएर घरदैलो कार्यक्रममा व्यस्त छन् । गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित हुने रणनीतिसहित दलका उम्मेदवार र नेता कार्यकर्ता मतदातासँग भेटघाटमा निस्किएका हुन् । उम्मेदवारले मतदातासँग शिक्षा, स्वास्थ्य, खानेपानी, सडकलगायतका क्षेत्रमा विकास गर्ने चुनावी प्रतिबद्धता लिएर मत माग्न थालेका छन् ।

**विरासत फर्काउने दाउमा एमाले**

लगातार ३२ वर्षदेखि एकलौटी रुपमा नेतृत्व गर्दै आएको नेकपा ९एमाले० २०७९ को स्थानीय तहको निर्वाचनमा पराजित भएपछि पुनः विरासत फर्काउने उद्देश्यका साथ जुटेको छ । नेकपा विभाजित भएपछि स्वामीकात्तिकमा विरासत गुमाएको एमालेले उपाध्यक्ष पद जित्ने रणनीति बनाएर अघि बढेको नेकपा एमालेका जिल्ला अध्यक्ष लालबहादुर ओलीले बताउनुभयो । विसं २०७४ मा नेपाली कांग्रेसलाई पराजित भएको थियो । विसं २०७९ मा कांग्रेसले जितेको हो । अघिल्लो निर्वाचनमा तीन वडा र अध्यक्ष उपाध्यक्षसहित बहुमत प्राप्त नेपाली कांग्रेस भने उपनिर्वाचनमा उपाध्यक्ष पद जोगाउने कसरतमा छ । उक्त गाउँपालिकामा सात हजार चार सय ६० मतदाता संख्या छन् ।

# प्रदेशको शिक्षा नीतिबारे बहस

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/३०



शिक्षा क्षेत्रमा विद्यमान समस्या र समाधानका उपायबारे शैक्षिक बहस गरिएको छ । वीरेन्द्रनगरमा एक कार्यक्रमको आयोजना गरी 'शिक्षा नीतिमा बाल सवाल' विषयक बहस गरिएको हो । कार्यक्रमको सहजीकरण गर्दै पत्रकार कलेन्द्र सेजुवालले सुरुमा कर्णालीका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीलाई प्रदेशको शिक्षा नीति कहिले बन्छ ? भनेर प्रश्न गर्नुभयो । जवाफमा मन्त्री भण्डारीले शिक्षा नीतिका विषयमा चार पटक सरोकारवालासँग छलफल गरिएको बताउनुभयो । शिक्षा नीति निर्माण प्रक्रिया अघि बढेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७८-०७९ देखि आर्थिक वर्ष २०८७-०८८ सम्म कार्यान्वयनमा लैजाने गरी दश वर्षे शिक्षा नीतिको मस्यौदा बनाइएको छ । अहिले उक्त मस्यौदा परिवर्तन गर्नुपर्ने देखिएको छ । २०७५ देखि नीतिको मस्यौदा बनाउन सुरु गरिएको हो । "यस अघिको प्रस्तावित मस्यौदाको कार्यान्वयनमा जाँदा एक खर्ब बजेट लाग्ने अनुमान रहेछ, सरकारले उक्त रकमको स्रोत सुनिश्चितता गर्न नसक्ने भएपछि मस्यौदा स्वीकृत नभएको भन्ने कुरा सुनिएको छ, अब केही विषयमा परिमार्जन गरेर मस्यौदा पारित गर्छौं," मन्त्री भण्डारीले भन्नुभयो । अहिले विभिन्न क्षेत्रसँग शिक्षा नीति कस्तो बनाउने भन्ने विषयमा छलफल भइरहेको मन्त्री भण्डारीले बताउनुभयो । सहज तरिकाले शिक्षाका नीतिगत विषय समेट्न खोजिएको जानकारी दिनुभयो । प्रदेश सरकारले समेत चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममै शिक्षा नीतिको कुरालाई समेटेको छ । सार्वजनिक शिक्षामा सुधार गर्न प्रदेश नीति तथा दश वर्षे शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरिने मन्त्री भण्डारीको भनाइ छ । मध्यपश्चिम विश्वविद्यालयका उपप्रध्यापक डा. विष्णु खड्काले कर्णालीको भूगोल अनुकूलको शिक्षा नीति बनाउनुपर्नेमा जोड दिनुभयो । यसअघि नीति कार्यान्वयनमा देखिएका जटिलतालाई परिमार्जन गरी शिक्षा नीति ल्याउन उहाँले सुझाव दिनुभएको छ । शिक्षा क्षेत्र सुधारका लागि नीति आवश्यक हुने बताउनुभयो । शिक्षा क्षेत्रमा न्यून बजेट, आवश्यक नीति नहुनु र गुणस्तर सुधारभन्दा पनि शैक्षिक पूर्वाधारमा प्रदेश सरकार केन्द्रित हुँदा शिक्षा क्षेत्र अस्तव्यस्त बनेको उहाँको भनाइ छ । शिक्षा समाजको मेरुदण्ड हो भन्दै खड्काले शिक्षामा परिवर्तन जरुरी रहेको बताउनुभयो । साथै राज्यले शिक्षालाई सबैभन्दा बढी महत्व दिइ त्यस अनुरूप लगानी बढाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । वीरेन्द्रनगर नगरपालिका प्रमुख मोहनमाया ढकालले पालिकाले दश वर्षे शिक्षा नीति निर्माण गरेर लागू गरेको जानकारी दिनुभयो । पालिकाले कूल बजेटको दश प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरेको उहाँको भनाइ छ । पालिकालाई आवश्यक पर्ने नीति निर्माण गरिएको उहाँले बताउनुभयो । प्रदेशको शिक्षा नीति बने आफूहरूलाई समेत काम गर्न सहज हुने भन्दै उहाँले प्रदेश सरकारले गुणस्तर सुधारमा भन्दा पनि पूर्वाधार निर्माणमा जोड दिएको आरोप लगाउनुभयो । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका कर्णाली प्रदेश अध्यक्ष गोविन्द कोइरालाले शिक्षा नीति निर्माणमा जोड दिनुभयो । शिक्षा नीतिमा बाल सवाल समेटिने भएकाले प्रदेश सरकारले जतिसक्दो चाडो शिक्षा नीति बनाउनुपर्ने उहाँले बताउनुभयो । स्तरीय पाठ्यक्रम निर्माण, भौतिक सुविधाको व्यवस्था तथा शिक्षण विधिमा सुधार सुधार, उत्तीर्ण विद्यार्थीहरूलाई रोजगारीका लागि आवश्यक तत्परता देखाउनुपर्ने, शैक्षिक दृष्टिले पिछडिएका, विपन्न, योग्य, प्रभावशाली, जेहेन्दार, महिला र दलित आदिका लागि छात्रवृत्तिका लागि प्रदेश सरकारले ध्यान दिनुपर्ने उहाँको भनाइ थियो । प्रदेशको शिक्षा सुधार गर्न शिक्षा नीति आवश्यक भएकोमा उहाँको जोड छ । सामुदायिक विद्यालयमा सरकारले अपेक्षित लगानी गर्न नसकेको उहाँले बताउनुभयो । बाल क्लब सञ्जाल कर्णाली प्रदेशका अध्यक्ष समिक्षा चौधरीले सरकारका नीति तथा कार्यक्रमहरूमा बालबालिका लक्षित कार्यक्रम न्यून मात्र राखिएको बताउनुभयो । शिक्षा नीतिमा बाल सवाल समेटिनु पर्छ भन्ने आफूहरूको माग रहेको उहाँको भनाइ छ ।

# कर्णालीका सरकारी कार्यालयमा रैथाने बालीको खाजा

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/३०



कर्णालीका सरकारी कार्यालयहरुमा अबदेखि रैथाने बालीको खाजा खानु/खुवाउनुपर्ने भएको छ । कर्णाली प्रदेशका सरकारी कार्यालयले कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रुपमा रैथाने बालीको खाजा खानु पर्ने/खुवाउनुपर्ने व्यवस्था मन्त्रालयले गरेको भूमि, कृषि तथा सहकारी मन्त्रालयका सचिव टिकाराम थापाले बताएका छन् । हुम्लाको सदरमुकाम सिमकोटमा आएका सचिव थापाले सो कुरा बताएका हुन् । सचिव थापाले कर्णाली प्रदेश र दशै जिल्लाका प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूले कार्यक्रम सञ्चालन गर्न रैथाने बालीको परिकारलाई विविधिकरण गरेर खाजा नास्ताका रुपमा खुवाउनका लागि नीतिगत ब्यवस्था गरिएको बताए । उनले मन्त्रालयले सो कार्य गर्नका लागि कार्य विधिमा उल्लेख गरिएको र मन्त्रालयले सञ्चालन गर्ने कुनैपनि कार्यक्रममा सहभागीहरूलाई कर्णाली प्रदेशमा पाइने रैथाने बालीको नास्ता खुवाउने ब्यवस्था गरिएको बताए । अब कार्य विधिलाई कार्यान्वयन जिल्ला स्तरका कार्यालयहरूले पनि गर्नुपर्ने उनको भनाई रहेको छ । रैथाने बालीका बजारीकरण, प्रर्बद्धन तथा संरक्षण गर्न आवश्यक देखिएको बताउँदै उनले प्रदेश सरकार रैथाने बालीको संरक्षणका लागि अन्य कार्यक्रम पनि ल्याउन तयार रहेको बताए । जिआईजेटको आर्थिक सहयोगमा जिल्लामा सञ्चालन भएको ग्रेप परियोजनाले आयोजना गरेको रैथाने बालीको बजार बिस्तारका लागि कार्यालयमा सहभागी हुन आएका सचिव थापाले शुक्रबार जिल्लाबाट फर्कने क्रममा यो कुरा देश सञ्चारसँग बताएका हुन् ।

## आफन्तले...

त्यसै गरी भैरवी गाउँपालिकाले समेत नाफामूलक संस्थालाई नियम मिचेर अनुदान दिएको छ । गाउँपालिकाले भैरवी कृषि सहकारी संस्था भैरवी गाउँपालिका-७ लाई अनुदान बापत १ लाख र उज्यालो साना किसान कृषि सहकारी संस्थालाइ १ लाख ५० हजार गरी दुई लाख ५० हजार रुपियाँ अनुदान दिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । महालेखाको प्रतिवेदनमा वितरणमुखी खर्च नियन्त्रण गर्दै सङ्घीय सरकारबाट र प्रदेश सरकारबाट प्राप्त रकमलाई नाफामूलक संस्थालाई सार्वजनिक रूपमा निःशुल्क वा शून्य मूल्यमा सेवा उपलब्ध गराउने सुनिश्चित नभएका कारण नाफामूलक संस्थालाई अनुदान दिनु उचित हुँदैन भन्ने उल्लेख गरेको छ । महाबु गाउँपालिकाले समेत आव २०७९/८० मा नाफामूलक संस्थालाई अनुदान दिएको छ । गाउँपालिकाले गुराँस बहुउद्देश्यीय सहकारी संस्थालाई अनुदान बापत ४९ हजार ६ सय ८० रुपियाँ र साबुन तथा घरेलु उद्योग महाबु गाउँपालिका-१ लाई साबुन उत्पादन गर्न १ लाख रुपियाँ अनुदान दिएको छ । नारायण नगरपालिकाले श्रीकृष्ण महिला बचत तथा ऋण सहकारी संस्थालाई आलु र मासु खरिद तथा वितरणका नाममा ७३ हजार ९ सय २३ रुपियाँ र कृषि देवल बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेडलाई बाख्रा वितरणमा अनुदानबापत १ लाख ३० हजार गरी दुई लाख तीन हजार ९ सय २३ रुपियाँ अनुदान दिएको छ । यसै गरी ठाटीकाँध गाउँपालिकाले पनि नाफामूलक संस्था मालिका बहुउद्देश्यीय सहकारी संस्थालाई अनुदान बापत ४ लाख र ठाँटीकाँध कृषि तथा पशुपालन सहकारी संस्थालाई अनुदान बापत १ लाख ९८ हजार ८ सय ९३ गरी कुल पाँच लाख ९८ हजार ८ सय ९३ रुपियाँ अनुदान दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्ने नपाउने भए पनि दुल्लु नगरपालिकाले तीन लाख ५७ हजार रुपियाँ भुक्तानी गरेको छ । सुशासनविज्ञ दुर्लभ बोगटीले सङ्घीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त अनुदान स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्थालाई बेवास्ता गर्दै आफन्तका नाममा खोलिएका नाफामूलक संस्था र पार्टी कार्यकर्ताको नाममा स्थापना गरिएका संस्थालाई अनुदान दिनु दुर्भाग्य भएको बताउनुभयो । उहाँले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावनाविपरीत त्यस्ता कार्यनीति बनाएर गर्न सकिने भए पनि नीति नै नबनाएर दिनु अनियमितता गरेको ठहर्ने उहाँको भनाइ छ ।

## कानून...

उनले महिला कैदीहरूको स्वास्थ्य र स्वच्छताका सवालमा जिल्ला प्रशासनको भूमिका सशक्त रहने उल्लेख गर्दै कारागारमा सुरक्षित र सम्मानजनक वातावरण निर्माणका लागि जिल्ला प्रशासनले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । मन्त्री अग्रवालको यो निरीक्षणले कारागार सुधारको दिशामा ठोस कदम चालिने विश्वास दिलाएको छ । स्थानीय निकाय र प्रहरी प्रशासनसँगको सहकार्यले महिला कैदीहरू बाल सुधार गृहको लागि सुरक्षित र स्वस्थ वातावरणको प्रत्याभूति दिलाउन सकिनेछ । अनुगमनमा बाँके प्रहरी प्रमुख प्रहरी उपरीक्षक तुल बहादुर कार्की, सशस्त्र प्रहरी उपरीक्षक विमल डाँगी लगायतको सहभागिता रहेको मन्त्री अग्रवालका निजी सचिव अरुण कुमार सिंहले जानकारी दिए ।

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# माघ महिना भित्रमा जुङ्गेश्वर महादेवको मन्दिर बन्ने

नमस्ते समचारदाता
नेपालगन्ज, कार्तिक/३०




नेपालगन्जको प्रसिद्ध धार्मिक स्थल बागेश्वरी मन्दिरको पूर्व तर्फको तालमाथि स्थापना गरिने निर्माणधिन अवस्थामा रहेको जुङ्गेश्वर महादेवको मन्दिर आगामी माघ मसान्त भित्र सम्पन्न हुने गरी काम भईरहेको बताइएको छ । नेपालगन्ज उमहानगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफ दिँदै नगरप्रमुख प्रशान्त विष्टले सो जानकारी गराएका हुन । बास नेपालको सहजीकरणमा विहिबार नेपालगन्जको सिएसटि होटेलमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा विष्टले मन्दिर निमार्णको कार्य अन्तिम चरणमा पुगेकोले अवको २ महिना भित्रमा उक्त मन्दिर निमार्ण कार्य पूरा हुने बताए। २ सय बढी जनसहभागिता रहेको सार्वजनिक सुनुवाइ कार्यक्रमका सहभागीहरुले ट्राफिक लाइट लामो समयदेखि संचालनमा नआएको, इरिक्सा व्यवस्थापन हुन नसकेको, स्थानीय सडकहरु मर्मत हुन नसकेको, बसपार्क व्यवस्थापन हुन नसकेको, सामुदायिक विद्यालयहरुले विभिन्न नाममा शुल्क लिने गरेको, लागु औषध दुर्व्यसनीको समस्या दिनानुदिन बढ्दै गएको, वडा नं. १७ को वडा कार्यालय र विद्यालय एउटै स्थानमा भई व्यवस्थापन हुन नसकेको, फोहर व्यवस्थापन हुन नसकेको जस्ता प्रश्न र जिज्ञासाहरु नगर प्रमुख समक्ष राखेका थिए । सहभागीहरुबाट आएका प्रश्नको जवाफ नगर प्रमुख प्रशान्त विष्ट, प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्का, वडा नं. २ का वडा अध्यक्ष मनोज कुमार श्रेष्ठ, शिक्षा महाशाखा प्रमुख गोर्ख बहादुर थापा, स्वास्थ्य महाशाखा प्रमुख राम बहादुर चन्द लगातयले दिएका थिए । कार्यक्रममा सहभागीहरुका सवालका आधारमा ८ बुँदे साँझा सार्वजनिक प्रतिवद्धताको घोषणा गरिएको छ । उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा गत आर्थिक वर्षको असार २२ गते सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका ७ वटा प्रतिबद्धताहरु मध्ये ६ वटा प्रतिबद्धताहरु कार्यान्वयन भईसकोको प्रतिवेदन सहितको विवरण प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्काले प्रस्तुत गरेका थिए । कार्यक्रमा बास नेपालका कार्यकारी निर्देशक नमस्कार शाहले नगरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको प्रतिवेदन प्रस्तुतिकरण गरेका थिए ।

# वैकुण्ठधाम महोत्सवको अन्तिम दिन ७० लाख बढी आर्थिक संकलन

नमस्ते समचारदाता
नेपालगन्ज, कार्तिक/३०



नेपालगञ्जको रामलिला मैदानमा प्रस्तावित वैकुण्ठधाम सिधनियाघाट निर्माणको सहयोगार्थ सञ्चालन गरिएको वैकुण्ठधाम आध्यात्मिक महोत्सवको भागवत प्रवचनको शुक्रबार अन्तिम दिनमा ७० लाख बढी आर्थिक संकलन भएको छ । शुक्रबार समापन सहित आध्यात्मिक प्रवचन जारी राखिने भए पनि दाताहरुले शुक्रबार ठूलो संख्यामा कार्यक्रमस्थलमा उपस्थित भएर दान गरेका थिए । आयोजकले दान लिने तथा प्रवचनको कार्यक्रम शनिबार पनि जारी रहने जनाइएको छ । कथा वाचनको सातौं दिन भूमीदानसहित ७० लाख बढी दान संकलन भएको महोत्सव आयोजक समितिको आर्थिक उपसमितिका संयोजक कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए । दानदार्ताहरुले शनिबार पनि दान गर्नसक्ने गरी व्यवस्था गरिएको उनले बताए । शुक्रबारको कथावाचनका बीच सरोज चौधरी र अजितकुमार शर्माले १०-१० लाख दान गरेका छन् । शुक्रबार नै आर्थिक संयोजक कृष्णप्रसाद श्रेष्ठबाट ५ लाख ११ हजार १११, अशोक श्रेष्ठबाट ५ लाख, टोपबहादुर थापाबाट १ लाख ५१ हजार वैकुण्ठधाम निर्माणका लागि दान गरेका छन् । त्यसैगरि वरिष्ठ अधिवक्ता ध्रुव बस्यालबाट १ लाख २१ हजार १२१, फत्तेबाल आँखा अस्पतालका प्रमुख डा कौशलकुमार वर्माबाट १ लाख २१ हजार, सुमन/सीमा गौतमबाट १ लाख ११ हजार १११, आदर्श माद्यामिक विद्यालयबाट १ लाख ११ हजार १११, भ्यू सिद्धार्थ होटल नेपालगञ्जबाट १ लाख ११ हजार १११, पानश फर्मासिटिकलबाट १ लाख ११ हजार दान प्राप्त भएको आयोजकले जनाएको छ । सुरेन्द्रकुमार कुर्मीबाट ६१ हजार ५५५ प्रदान भएको छ भने वैकुण्ठधाम सिधनियाघाट निर्माणका लागि ५५ हजार ५५५ रुपैयाँ दान गर्नेहरुमा ई. तिर्थप्रसाद श्रेष्ठ/मिठु श्रेष्ठ, मिना/मुकुट ढकाल, कुलराज राजभण्डारी, बिनमकुमार शर्मा रहेका छन् । विजय गुप्ताबाट ५५ हजार ५५५, विनयकुमार शर्माबाट ५५ हजार ५५५ प्रदान गरेका छन् । त्यस्तै डा. जीराज शाक्यबाट ५२ हजार, विष्णुप्रसाद श्रेष्ठ/सरिता श्रेष्ठबाट ५१ हजार ५५५ दान गरेका छन् । ५१ हजार १११ दान गर्नेहरुमा सुरेन्द्रकुमार शर्मा र बुद्धि प्रसाद अधिकारी रहेका छन् । यज्ञबहादुर शाक्य/रत्ना श्रेष्ठबाट ५१ हजार १०५ प्रदान गरेका छन्। महायज्ञमा ५१ हजार दान गर्नेहरुमा सिखा एकेडेमी कोहलपुर, नेपालगञ्ज बार एशोसियसन, तिरुपति बालाजी मन्दिर व्यवस्थापन समिति तथा आमा समुह, जयबहादुर खत्री, अनिता टिबडेवाल, रामचन्द्र गोयल, कैलासचन्द्र शर्मा र मारवाडी युवा मञ्च रहेका छन् । हुलाकी सडक निर्देशनालय, नेपालगञ्ज योजना कार्यालयबाट ३७ हजार ३३१ रुपैयाँ, ब्राम्हण समाज नेपालगञ्जबाट २८ हजार १०५ प्रदान भएको छ । कथा वाचनका क्रममा बालबालिकाले पनि दान गरेका छन् । महायज्ञमा आएका ४ वर्षिय देवांस श्रेष्ठबाट ११ हजार १११, ४ वर्षिय आरभ र ९ वर्षिया आर्य श्रेष्ठबाट ११ हजार १११, आध्या श्रेष्ठबाट १११ हजार १११ दान प्राप्त भएको आयोजकले जनाएको छ । आज २५ हजार बराबरको दान गर्नेहरु एकसय बढी दाताहरु रहेका थिए भने शिलालेखमा नाम लेखाउन ११ हजार बढी जम्मा गर्ने ५ सय बढी दाताहरु यज्ञस्थलमा आएको आर्थिक संयोजक श्रेष्ठले बताए ।

# बाँके-बर्दियाका किसान भटमास खेतीप्रति आकर्षित

नमस्ते समचारदाता
बाँके, कार्तिक/२९



पछिल्लो समय बाँके र बर्दियामा भटमास खेतीप्रति किसानहरूको आकर्षण बढ्दै गएको पाइएको छ । परम्परागत बाली लगाउन छाडेर किसान भटमास खेतीप्रति आकर्षित भएका छन् । थोरै लगानीमा मनग्ये आम्दानी हुने र यसको मुल्य पनि राम्रै पाइएने भएपछि किसानहरू अरू खेती छाडेर भटमास खेतीमा लागेका छन् । दालजन्य बालीहरूको अध्ययन, अनुसन्धान र विकासका लागि किसानहरूलाई प्राविधिक सहयोग गरेर प्रोत्साहन गरिरहेको कोशेबाली अनुसन्धान कार्यक्रमको प्रत्यक्ष निगरानीमा किसानहरू लाभान्वित समेत भएका छन् । बर्दियाको गुलरिया र बाँकेको खजुरा तथा राप्तीसोनारीमा किसानले व्यावसायिक भटमास खेती गरिरहेका छन् । गुलरिया-३ का किसान रामचन्द्र यादवले २ विगाह १५ कट्ठामा भटमास खेती गरेका छन् । कोशेबाली अनुसन्धान कार्यक्रम खजुरा बाँकेले सिफारिस गरेको बीउ लगाएका यादवको खेतबारीमा भटमास राम्रो फलेको छ । धान भन्दा आधा कम खर्चमा उत्पादन हुने र मूल्य धान भन्दा कयौँ गुणा बढी पाउने भएपछि रामचन्द्र भटमास खेतीमा लागेका हुन । यादव एक बिगाह जग्गामा पहिला धान खेती गर्दा ९० हजार मात्र फाइदा हुने र त्यसमा खर्च पनि आधी जस्तो हुने गरेकोमा अहिले सोही एक बिगाह जग्गामा भटमास खेती गर्दा १ लाख २० हजार फाइदा भइरहेको बताउँछन् । गुलरियाका किसानले २ सय हेक्टर क्षेत्रफलमा भटमास खेती गरेका छन् । खजुरामा पनि किसानहरू बिस्तारै भटमास खेतीमा लागिसकेका छन् । धान खेतीलाई नै विस्थापित गरेर किसान भटमास खेतीतिर आकर्षित भइरहेका छन् । धान सँगसँगै पनि भटमास लगाउन सकिने भएका कारण पनि किसानलाई सहज भएको छ । लगानी कम, ज्यामी र कामदार कम, दुख कम तथा मल प्रयोग गर्न नपर्ने भएपछि किसानको रोजाई भटमास खेती भइरहेको छ । एक बिगाहा खेतमा व्यावसायिक भटमास खेती गरिरहनुभएका खजुरा-२ पुलचोकका किसान मोहनप्रसाद रिजाल आफू सन्तुष्ट भएको बताउनुहुन्छ । कोशेबाली अनुसन्धान कार्यक्रमको प्राविधिक सहयोग र सल्लाहमा उनले खेती गरिरहेका छन् । कोशेबाली कार्यक्रमकै सिफारिस अनुसारको बीउ रिजालले प्रयोग गरेका छन् । कोशेबाली अनुसन्धान कार्यक्रम खजुराले किसानलाई दालजन्य बाली उत्पादनमा प्राविधिक सहयोग र सल्लाह प्रदान गर्दै आएको छ । दालजन्य बालीको अध्ययन, अनुसन्धान, जातीय विकास, प्रविधि विकास, बीउको सहज उपलब्धताका लागि प्रथम पुस्ताको प्रजनन बीउ उत्पादनदेखि लिएर कोशेबालीका विभिन्न स्थानीय जातहरूको संरक्षण र संवर्द्धन गर्दै आएको यो कार्यक्रमले किसानलाई सैद्धान्तिक ज्ञानसँगै क्षेत्र अवलोकन भ्रमणमार्फत व्यवहारिक ज्ञान दिई दालजन्य खेतीका लागि प्रोत्साहन गरिरहेको कार्यक्रम संयोजक डा. अनिल पोखरेल बताउँछन्। कोशेबाली अनुसन्धान कार्यक्रमले पछिल्लो पटक पनि किसानलाई भटमास सम्बन्धि कृषक स्तरीय तालिम दिएको जनाएको छ । कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र खजुराको सहयोगमा तालिम दिइएको डा. पोखरेलले बताए । कृषकलाई भटमास खेती सम्बन्धी प्रयोगात्मक ज्ञानका लागि पकेट क्षेत्रमा अवलोकन भ्रमण समेत गराइएको छ । तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा करिब २ हजार हेक्टर क्षेत्रफलमा भटमास खेती गर्ने गरिएको छ । त्यसमा करिब २ हजार ५ सय मेट्रिक टन भटमास उत्पादन हुन्छ।

# सुत्केरीको हेलिकोप्टर द्वारा उद्धार



नमस्ते समचारदाता
हुम्ला, कार्तिक/३०

सुत्केरी भएको बाइस दिन पुगेकी एक जना सुत्केरीको हेलिकोप्टर बाट प्रदेश अस्पताल सुर्खेतमा उद्धार गरिएको छ । बिहीबार एक्कासी उच्च रक्तचापको कारण बेहोस अवस्थामा स्वास्थ्य चौकी ल्याएको र त्यहाँ निजको उपचार हुन नसक्ने भएपछि हेलिकोप्टरबाट उद्धार गरिएको हो । अदानचुली गाउँपालिका-५ की २० वर्षकी झुपा छत्याललाई सुत्केरी भएको बाइस दिनपछि उच्च रक्तचाप भएपछि स्वास्थ्य चौकीको सिफारिस अनुसार जिल्ला अस्पतालद्वारा स्थानीय प्रशासनमार्फत सुत्केरी छत्याललाई प्रदेश अस्पताल सुर्खेतमा नेपाली सेनाको हेलिकोप्टरबाट उद्धार गरिएको जिल्ला अस्पतालकी बरिष्ठ अनमी सरिता बोहराले बताइन् । बिहीबार राति साँढे आठ बजे बेहोस सुत्केरी छत्याललाई श्रीनगर स्वास्थ्य चौकीमा ल्याएको र उनको अवस्था निक्कै जटिल देखिएपछि हेलिकोप्टरमार्फत उद्धार गरिएको उनले बताइन् । यसका लागि हेलिकोप्टरको ब्यवस्था राष्ट्रपति महिला उत्थान कार्यक्रमले आर्थिक सहयोग गर्नेछ । चालु आर्थिक वर्षको साउन महिनायता अदानचुली गाउँपालिकाबाट यो सहित चार जना गर्भवती तथा सुत्केरी महिलाको हेलिकोप्टरबाट उद्धार गरिएको छ ।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके